नेपाल सरकार
प्रदेश नं. २
हरिपुर नगरपालीका, सर्लाही

# खुला दिसामुक्त क्षेत्र घोषणा प्रमाणीकरण विधि सम्वन्धी निर्देशिका

यो निर्देशिका नेपाल सरकारबाट जारी गरिएको सरसफाइ गुरु योजनाको अधिनमा रही वर्तमान संघीय संरचना अनुरुप नगर स्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता अभियानलाई ब्यबस्थित र प्रभावकारी रुपमा अगाडि बढाउने उश्यले तयार गरिएको छ ।

| | वडा | स्थानीय तह | जिल्ला | प्रदेश |
|---|---|---|---|---|
| खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी संस्थागत व्यवस्था | वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति | गाउँ/नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति | जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति | प्रदेश खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति |
| खुला दिसामुक्त घोषणाको प्रमाणीकरण कसले गर्ने | वडाको प्रमाणिकरण नगर तथा गाउँ स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले गर्नेछ । | गाउँ पालिका र नगरपालिकाहरुको प्रमाणीकरण जिल्ला स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले गर्नेछ । | जिल्लाको प्रमाणीकरण प्रदेश स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले गर्नेछ । | प्रदेशको प्रमाणीकरण राष्टिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले गर्नेछ । |
| प्रमाणीकरणको प्रक्रिया | १) सबै घर विद्यालय र संस्थाहरुमा शौचालय निर्माण र प्रयोग गराउने । | १) सबै घर विद्यालय र संस्थाहरुमा शौचालय निर्माण र प्रयोग गराउने । | १) सबै घर विद्यालय र संस्थाहरुमा शौचालय निर्माण र प्रयोग गराउने । | |
| | ,२. वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले स्वःअनुगमन गरी सबै घरले चर्पी निर्माण गरी प्रयोग गरेको र कसैले पनि खुला स्थानमा दिसा नगरेको कुरा सुनिश्चित गर्ने । | ,२. गाउँपालिका तथा नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले स्वःअनुगमन गरी सबै घरले चर्पी निर्माण गरी प्रयोग गरेको र कसैले पनि खुला स्थानमा दिसा नगरेको कुरा सुनिश्चित गर्ने । | ,२. जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले स्वःअनुगमन गरी सबै घरले चर्पी निर्माण गरी प्रयोग गरेको र कसैले पनि खुला स्थानमा दिसा नगरेको कुरा सुनिश्चित गर्ने । | |
| | ३) वडा स्तरीय समन्वय समितिबाट सम्बन्धित गाउपालिका वा नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा प्रमाणीकरणको लागि अनुगमन गर्न बैठकको निर्णय सहित निवेदन दिने । | ३) गाउँपालिका तथा नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले सम्बन्धित जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा प्रमाणीकरणको लागि अनुगमन गर्न बैठकको निर्णय सहित निवेदन दिने । | ३) जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले सम्बन्धित प्रदेश स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा प्रमाणीकरणको लागि अनुगमन गर्न बैठकको निर्णय सहित निवेदन दिने । | |
| | ४) गाउपालिका तथा नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले प्रमाणीकरणको निवेदन प्राप्त भएको मितिले कम्तिमा १० दिनभित्र प्रमाणीकरण गर्न अनुगमन टोली खटाउने । | ४) जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले प्रमाणीकरणको निवेदन प्राप्त भएको मितिले कम्तिमा १५ दिनभित्र प्रमाणीकरण गर्न अनुगमन टोली खटाउने । | ४) प्रदेश स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले प्रमाणीकरणको निवेदन प्राप्त भएको मितिले कम्तिमा १५ दिनभित्र प्रमाणीकरण गर्न अनुगमन टोली खटाउने । | |

| | | | | |
|---|---|---|---|---|
| | ५) अनुगमन टोलीले अनुगमन गरेको कम्तिमा ५ दिनभित्र सम्बन्धित वडालाई खुला दिसामुक्त घोषणा गर्न उपयुक्त छ वा छैन भन्ने राय सहित प्रतिवेदन दिने । यदि खुला दिसामुक्त घोषणा गर्न उपयुक्त नभएमा के सुधार गर्न आवश्यक छ ? स्पष्ट सुझाव उल्लेख प्रतिवेदन उक्त वडालाई गाउँपालिका का नगर पालिका स्तरीय समन्वय समितिबाट पठाउने । यदि सुधार गर्नपर्ने अवस्था भएमा सा अनुशार सुधार गर्ने र पुनः माथि उल्लेख गरिए अनुशार प्रमाणीकरणको प्रक्रिया अवलम्बन गर्ने । | ५) अनुगमन टोलीले अनुगमन गरेको कम्तिमा ७ दिनभित्र पालिकालाइ खुला दिसामुक्त घोषणा गर्न उपयुक्त छ वा छैन भन्ने राय सहित प्रतिवेदन दिने । यदि खुला दिसामुक्त घोषणा गर्न उपयुक्त नभएमा के सुधार गर्न आवश्यक छ ? स्पष्ट सुझाव सहितको प्रतिवेदन उक्त पालिकालाई जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिबाट पठाउने । यदि सुधार गर्नपर्ने भएमा सो अनुशार सुधार गर्ने र पुनः माथि उल्लेख गरिए अनुशार प्रमाणीकरणको लागि माथि उल्लेख गरिएको प्रक्रिया अवलम्बन गर्ने । | ५) अनुगमन टोलीले अनुगमन गरेको कम्तिमा ७ दिनभित्र सम्बन्धित जिल्लालाई खुला दिसामुक्त घोषणा गर्न उपयुक्त छ वा छैन भन्ने राय सहित प्रतिवेदन दिने । यदि खुला दिसामुक्त घोषणा गर्न उपयुक्त नभएमा के सुधार गर्न आवश्यक छ ? स्पष्ट सुझाव सहितको प्रतिवेदन प्रदेश स्तरीय समन्वय समितिबाट जिल्लालाई पठाउने । यदि सुधार गर्नपर्ने भएमा सो अनुशार सुधार गर्ने र पुनः माथि उल्लेख गरिए अनुशार प्रमाणीकरणको लागि माथि उल्लेख गरिएको प्रक्रिया अवलम्बन गर्ने । | |
| अनुगमनका विधि र प्रक्रिया | अनुगमन टोलीले निम्न अनुशारको नमूना स्याम्पल) छनोट गरी अनुगमन गर्नेछ । | अनुगमन टोलीले निम्न अनुशारको नमूना स्याम्पल) छनोट गरी अनुगमन गर्नेछ । | अनुगमन टोलीले निम्न अनुशारको नमूना स्याम्पल) छनोट गरी अनुगमन गर्नेछ । | |
| | उक्त वडाको कूल घरधुरी मध्ये कम्तिमा १५ देखि २० प्रतिशत घरलाई नमूना छनोट गरी ती घरहरुको शौचालयको प्रकार र प्रयोगको अवस्था अवलोकन गर्ने । | उक्त पालिकामा भएको जम्मा वडामध्ये कम्तिमा ३३ प्रतिशत वडा नमूना छनोट गर्ने र ती वडाहरुमा भएका कूल घरधुरी मध्ये कम्तिमा १५ देखि २० प्रतिशत घरलाई नमूना छनोट गरी ती घरहरुको शौचालयको प्रकार र प्रयोगको अवस्था अवलोकन गर्ने । | उक्त जिल्लाको भौगोलिक, सामाजिक र खुला दिसामुक्त भएको मितिको आधारमा १५ प्रतिशत पालिकाहरु नमूनाको रुपमा छनोट गर्ने । यसमा गाउँ पालिका र नगरपालिका दुवै नमूनाको रुपमा छनोट हुनु पर्नेछ । हरेक पालिकाको कम्तिमा ३ वटा वडा र रती वडाका १० प्रतिशत घरहरु नमूनाको रुपमा छनोट गर्ने ।<br>अनुगमनको क्रममा घरहरुको शौचालयको प्रकार र प्रयोगको अवस्था अवलोकन गर्ने । | |
| | कम्तीमा एक विद्यालय र स्वास्थ्य संस्था भएमा स्वास्थ्य संस्था र नभएमा अन्य कुनै संस्थाहरुलाई नमूना छनोट गरी त्यहाँको खानेपानी र सरसफाइको अवस्था अवलोकन गर्नेछ । | पालिकामा भएको जम्मा विद्यालय मध्ये २० देखि ३० प्रतिशत विद्यालय र १ वटा स्वास्थ्य संस्थालाई नमूना छनोट गरी त्यहाँको खानेपानी र सरसफाइको अवस्था अवलोकन गर्नेछ । | जिल्लाको जम्मा विद्यालय मध्ये १० देखि १५ प्रतिशत विद्यालय र १० वटा स्वास्थ्य संस्थालाई नमूना छनोट गरी त्यहाँको खानेपानी र सरसफाइको अवस्था अवलोकन गर्नेछ । | |

| | | | | |
|---|---|---|---|---|
| | टोलीले समुदायमा रहेको सडक, पोखरीका डिलहरु सहित केही सार्वजनिक स्थलहरुको अवलोकन भ्रमण गरी ती स्थानहरुमा खुला दिसा भए नभएको पहिचान गर्ने । | टोलीले समुदायमा रहेको सडक, पोखरीका डिलहरु सहित केही सार्वजनिक स्थलहरुको अवलोकन भ्रमण गरी ती स्थानहरुमा खुला दिसा भए नभएको पहिचान गर्ने । | टोलीले अनुगमनका लागि छनोट भएका पालिकाहरुको केही सडक, पोखरीका डिलहरु सहित केही सार्वजनिक स्थलहरुको अवलोकन भ्रमण गरी ती स्थानहरुमा खुला दिसा भए नभएको पहिचान गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| खुला दिसामुक्त घोषणा सभा र प्रमाण पत्रको व्यबस्था | अनुगमन टोलीले खुला दिसामुक्त घोषणा गर्न उपयुक्त छ भन्ने प्रतिवेदन दिएमा सामान्य र कम खर्चिलो हुनेगरी वडा खुला दिसामुक्त घोषणा सभा आयोजना गर्न सक्नेछ । | अनुगमन टोलीले खुला दिसामुक्त घोषणा गर्न उपयुक्त छ भन्ने प्रतिवेदन दिएमा सामान्य र कम खर्चिलो हुनेगरी पालिका खुला दिसामुक्त घोषणा सभा आयोजना गर्न सक्नेछ । | अनुगमन टोलीले खुला दिसामुक्त घोषणा गर्न उपयुक्त छ भन्ने प्रतिवेदन दिएमा सामान्य र कम खर्चिलो हुने गरी जिल्ला खुला दिसामुक्त घोषणा सभा आयोजना गर्न सक्नेछ । | |
| | अनुगमन गर्ने निकायले खुला दिसामुक्त घोषणाको प्रमाण पत्र प्रदान गर्नेछ । | अनुगमन गर्ने निकायले खुला दिसामुक्त घोषणाको प्रमाण पत्र प्रदान गर्नेछ । | अनुगमन गर्ने निकायले खुला दिसामुक्त घोषणाको प्रमाण पत्र प्रदान गर्नेछ । | |

<u>समुदायको खुला दिसामुक्त घोषणा सम्बन्धी प्रक्रियाः</u> यदि कुनै समुदायले आफूलाई खुला दिसामुत्तः घोषणा गर्न चाहेमा निम्न विधि र प्रक्रियाहरु अवलम्बन गर्नपर्नेछ ।

क) समुदायले सबै घरमा शौचालय निर्माण गरी प्रयोग गरेको सुनिश्चित गर्ने । ख) उक्त समुदायमा रहेका सबै कार्यालयहरुमा शौचालय भएको र सो को व्यबस्थित प्रयोग भएको सुनिश्चित गर्ने । ग) समुदायको सीमाक्षेत्रभित्रको कुनैपनि स्थानमा खुला दिसा नभएको सुनिश्चित गर्ने ।

घ) वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले अनुगमन गरी प्रमाणित गरेको ।